

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ९० ❑ श्रेणी क्षेत्रीय ‘क’ ❑ २०८० बैशाख १ गते शुक्रबार ❑ 14 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–



हार्दिक मंगलमय शुभकामना

नव वर्ष-२०८० को अवसरमा हामी हाम्रा समस्त पाठक, ग्राहकबर्ग, लेखक, विज्ञापनदाता, शुभेच्छुक एवं सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सम्बृद्धि र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

फेवा प्रकाशन प्रा.लि., पोखरा

पोखरापत्र दैनिक परिवार


## नयाँ वर्षमा लेकसाइडमा आन्तरिक पर्यटकको चहलपहल बढ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

नयाँ वर्षको पूर्वसन्ध्यामा पोखरामा आन्तरिक पर्यटकको चहलपहल बढेको छ।

पोखरा घुम्न आउने पर्यटकलाई लक्षित गरेर लेकसाइडमा विगत जस्तै यस पटक पनि पोखरा होटल सङ्घले १८औं फेवा नव वर्ष महोत्सवको आयोजना गरेको छ। महोत्सवले पोखरा आउने पर्यटकलाई थप मनोरञ्जन प्रदान गरेको सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो।

उहाँका अनुसार सुस्ताएको पर्यटन क्षेत्रमा नयाँ वर्षको आगमनसँगै पोखरा घुम्न आउने पर्यटकले रौनकता ल्याएको छ । “अहिले पर्यटकीय सिजन हो, नयाँ वर्ष मनाउन आन्तरिक पर्यटकको आगमन पोखरा हुने गर्दछ, यसैलाई लक्षित गदै हामीले थप मनोरञ्जन दिन पर्यटकको पोखरा बसाईंलाई सम्झनलायक बनाउन महोत्सव पनि गर्दै आएका छौं”, उहाँले भन्नुभयो । यही चैत २९ देखि वैशाख १ गतेसम्म चल्ने महोत्सवमा पर्यटन, संस्कृति र खानाका परिकारमा जोड दिइएको छ । निःशुल्क रुपमा पर्यटकले लेकसाइडका सडकहरुमा सांस्कृतिक प्रस्तुति तथा पञ्चेबाजा, नाचगान, भजनचुड्का र गीतसङ्गीतका मनोरञ्जन पर्यटकले लिन पाउने उहाँको भनाइ छ ।यही अवसरमा होटलको प्रकाशित दरमा २० प्रतिशत छुट दिइएको सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार अहिले पोखराका होटलहरु ७० प्रतिशत भरिएका छन् । यो ८० प्रतिशतसम्म पुग्ने अनुमान गरिएको छ । लेकसाइडमा सात सय पर्यटकीय होटल र पोखराभर एक हजार दुई सय पर्यटकीय स्तरका होटल छन् । परिवारको साथ बुटवलबाट पोखरा घुम्न आउनुभएका व्यवसायी रामसुन्दर श्रेष्ठले पोखरा जति घुमे पनि नथाकिने सहर भएको बताउनुभयो। उहाँले आफू व्यावसायिक सिलसिलामा धेरै पटक पोखरा आए पनि सम्पूर्ण परिवारका साथ भने पहिलोपल्ट आएको जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, “म पोखरा घुमेर कहिल्यै थाक्दिन, अहिले छोराछोरीको परीक्षा सकिएपछि श्रीमतीका साथमा पोखराका विभिन्न पर्यटकीय गन्तव्य घुमिरहेका छौं, निकै रमाइलो भइरहेको छ ।” उहाँले नयाँ वर्षका अवसरमा पोखरामा लेकसाइड किनारामा भइरहेको महोत्सवले पनि थप मनोरञ्जन प्रदान गरेको बताउनुभयो । फेवाताल किनारमा दृश्यावलोकन गरिरहनुभएकी काठमाडौंकी आरती घिमिरेले पनि फेवाताल र हिमशृङ्खलाको सुन्दर दृश्यले सधैं लोभ्याउने बताउनुभयो। स्टाफ नर्स अध्ययनरत उहाँले धम्पुस तथा घान्द्रुकतिर गएर लालीगुराँस र पृष्ठभूमिमा हिमाल राखेर फोटो खिच्न रहर पनि यसपालि पूरा गर्ने योजना रहेको सुनाउनुभयो। कोभिड-१९ लगायत विभिन्न कारणले पर्यटन क्षेत्र निकै प्रभावित भइरहेको अवस्थामा आन्तरिक पर्यटकको उपस्थितिले लेकसाइडमा केही रौनकता ल्याएको होटल रानीवन आर्केटका सञ्चालक हरि भुजेलले बताउनुभयो । “विभिन्न घटनाक्रमले पर्यटनमा निकै प्रभाव पारिरहेको छ, तथ्याङ्कमा पर्यटन आगमनको अवस्था राम्रो देखिए पनि पोखरामा अझै पनि सोचेजस्तो पर्यटकको आगमन भएको छैन, नयाँ वर्षको पूर्वसन्ध्यामा पर्यटकको चहलपहले केही राहत दिएको छ”, उहाँले भन्नुभयो।

उहाँले पर्यटकीय स्तरका होटल लगायतका पूर्वाधारमा खर्बौंको लगानी भएकाले आन्तरिकसँगै बाह्य पर्यटक भित्र्याउने गरी राज्य स्तरबाटै पर्यटक प्रवर्द्धनका कार्यक्रम हुन आवश्यक रहेको बताउनुभयो । उहाँले फेवा नव वर्ष महोत्सवले पनि पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याएको बताउनुभयो।

पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले पर्यटन व्यवसायलाई पुनरुत्थान गर्ने मेला महोत्सवले थप सघाउ पुग्ने बताउनुभयो। उहाँले निकै कठिन अवस्थाबाट गुज्रिरहेको पोखराको पर्यटनलाई पुनरुत्थान गर्न राज्यले छिटोभन्दा छिटो पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उडानको पहल गर्न आवश्यक रहेको बताउनुभयो।

## पोखराको पर्यटकीय सम्भावना अध्ययन गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

पोखराको एकीकृत पर्यटकीय परियोजनाको सम्भाव्यता अध्ययन गरिने भएको छ।

यसका लागि बुधबार पोखरा महानगरपालिका, नगर विकास कोष काठमाडौं र नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) काठमाडौंबीच समझदारी पत्रमा हस्ताक्षर भएको महानगरका वरिष्ठ प्रशासकीय अधिकृत किरणप्रसाद कोइरालाले जानकारी दिनुभयो।

समझदारीपत्रमा महानगर प्रमुख धनराज आचार्य, कोषका कार्यकारी निर्देशक कृष्णप्रसाद सापकोटा र निफ्राका प्रमुख कार्यकारी अधिकृत रामकृष्ण खतिवडाले हस्ताक्षर गर्नुभएको छ । जसमा पोखराको एकीकृत पर्यटकीय परियोजनाको सम्भाव्यता अध्ययन, लगानी, निर्माण, व्यवस्थापन एवं सञ्चालनका गतिविधि संयुक्त रूपमा अध्ययन गरिनेछ। स्थानीय तह अन्तर्गत रही आफ्नो अधिकार क्षेत्रभित्रको विषयगत कानुन बनाउने, बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने, त्यसको कार्यान्वयन गर्ने तथा स्थानीय सरकारले संविधान अनुसार प्रवाह गर्नुपर्ने सम्पूर्ण सेवा सुविधा प्रवाह गर्ने महानगरपालिकाको दायित्व हुनेछ भने, नगर विकास कोषले स्थानीय तहहरूबीच वित्तीय मध्यस्थता गर्नेछ । निफ्राले पूर्वाधार विकाससम्बन्धी परियोजनामा लगानी गर्ने सम्झौतामा उल्लेख छ । महानगरपालिकाका प्रमुख आचार्यले महानगरपालिकाभित्र प्राविधिक र आर्थिक रूपमा सम्भावित पर्यटकीय पूर्वाधार परियोजनाको पहिचान गरिने बताउनुभयो । उहाँका अनुसार सार्वजनिक-निजी साझेदारीको माध्यमबाट सोको एकीकृत विकासका लागि अध्ययन, सोको लागि लगानी व्यवस्थापन र सम्भाव्य परियोजनालाई एकीकृत संरचनामा निर्माण तथा सञ्चालन गर्नका लागि आपसी सहकार्य गर्ने उद्देश्यले समझदारी उल्लेख गरिएको छ।

समझदारी अनुसार पहिचान भएका सम्भाव्य पर्यटकीय पूर्वाधार परियोजनाको एकीकृत विकास गर्न वित्तीय एवं प्राविधिक विश्लेषण, कानुनी, वातावरणीय, विकासकर्ता छनोट एवं निर्माणका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ । साथै कोष एवं निफ्राको अगुवाइमा स्वपुँजी तथा ऋण लगानीको व्यवस्थापन र आवश्यक अन्य प्राविधिक सहयोग (ज्ञान साझेदार/विकास साझेदार समेत) को लागि सहकार्य गरिनेछ। समझदारीका आधारमा परियोजनाको विस्तृत सम्भाव्यता अध्ययन, विश्लेषण, उपयुक्तता परीक्षण र परियोजनाको विकास, निर्माण र सञ्चालन गर्न छुट्टै कम्पनी समेत गठन गरिनेछ । महानगरपालिकाले प्रस्तावित परियोजनाको पहिचान, विकास, एकीकरण तथा कार्यान्वयन गर्ने प्रयोजनका लागि विभिन्न निकायसँग आवश्यक समन्वय गर्नेछ । परियोजनाका लागि आवश्यकपर्ने जग्गा प्राप्तिमा निर्णायक भूमिका खेल्ने, एकीकृत योजनालाई स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारसँग स्वीकृत गरी परियोजनालाई अगाडि बढ्नसक्ने वातावरण सिर्जना गर्ने, परियोजना विकासको क्रममा सरोकारवालासँग हुनसक्ने विवाद समाधानका लागि आवश्यक सहजीकरण गरी विवाद साम्य पार्ने, परियोजना सुरुआतका क्रममा कोष तथा निफ्रालाई परियोजनाको वित्तीय तथा प्राविधिक अध्ययन, विश्लेषण र विकासकर्ता छनोटमा आवश्यकता अनुसार संलग्न/सहभागी गराउने कार्य महानगरपालिकाले गर्ने जनाइएको छ । कोषले भने परियोजनालाई पूर्णता दिन आवश्यकपर्ने स्रोत सुनिश्चित गर्न परियोजनाको प्रारम्भिक अवस्था देखिनै आफै वा परामर्शदातामार्फत परियोजनाको सम्भाव्यता, वित्तीय तथा प्राविधिक विश्लेषण, र विकासकर्ता छनोटका लागि आवश्यक सहयोग प्रदान गर्ने कार्यमा संलग्न हुनेछ । साथै परियोजनामा सरकारी एवं विकास साझेदारलाई आवश्यकता अनुसार भित्र्याइ परियोजनाको दीर्घकालीन विकास सुनिश्चित गर्न समन्वयकारी भूमिका निभाउनुका साथै परियोजना विकासका लागि आवश्यकपर्ने मापदण्ड कायम/स्वीकृत गर्न नेपाल सरकार, सम्बन्धित मन्त्रालय/विभाग तथा नगरपालिकासँग समन्वय गर्नेछ । निफ्राले परियोजनाको सम्भाव्यता, वित्तीय तथा प्राविधिक विश्लेषण, विकासकर्ता छनोटका लागि आवश्यक सहयोग प्रदान गर्नुका साथै परियोजना प्राविधिक तथा वित्तीय रूपमा सम्भाव्य देखिएमा उक्त परियोजनामा वित्तीय सल्लाहकार वा नेतृत्वको रूपमा सहभागी हुने र परियोजनाको लागि रणनीतिक साझेदार भित्र्याउन आवश्यक पहल गर्नेछ। समझदारी अनुसार परियोजनाको कार्यान्वयन अवधि दश वर्षको हुनेछ।

## पोखरा स्पोटर्स अवार्डलाई राखेपले सघाउने

**पोखरापत्र संवाददाता**
पोखरा, ३० चैत

सातौं संस्करणको ‘पोखरा स्पोर्ट्स अवार्ड २०७९’ लाई राष्ट्रिय खेलकुद परिषद (राखेप)ले सघाउने भएको छ । आगामी बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रममा राखेपले सहयोग गर्ने प्रतिवद्धता जनाएको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जानकारी दिए।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल एवं सचिव शशी कुमार पौडेलसँगको भेटमा राखेप सदस्य सचिव टंकलाल घिसिङले सो प्रतिवद्धता जनाएका हुन् । सदस्य सचिव घिसिङले अवार्ड कार्यक्रमलाई भव्य बनाउन राखेप साथमै रहने समेत बताए । सातौं सस्करणको पोखरा स्पोर्ट्स अवार्ड कार्यक्रममा लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उदीयमान खेलाडी, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड दिने प्रदान गरिनेछ । अवार्ड कार्यक्रमलाई सफल बनाउन गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद गण्डकी, पोखरा महानगरपालिका लगायतले सहयोग गर्ने तय भैसकेको छ। यसैगरी उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर ग्रुप अफ पोखरा नेपालले तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको महासचिव पौडेलले जानकारी दिए।

## सबै राजनीतिक दल एकजुट हुनुपर्छ : सभापति रवि लामिछाने

**पोखरापत्र संवाददाता**
दमौली, ३० चैत



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले देशका समस्या समाधानका लागि सबै राजनीतिक दल एकजुट हुनुपर्ने बताउनुभएको छ।

तनहुँको आँबुखैरेनी गाउँपालिका-१ बरादीमा आज आयोजित कोणसभामा उहाँले देशका समस्या सबैका साझा भएकाले समाधानका लागि आपसी सहमति र सहकार्य आवश्यक रहेको बताउनुभयो।

गुणस्तरीय शिक्षा, बेरोजगारी अन्त्य, सुलभ स्वास्थ्य सबै दलका साझा मुद्दा भएकाले यसमा सहकार्य गरेर अगाडि बढ्नुको विकल्प नरहेको सभापति लामिछानेको भनाइ थियो । “मुलुकका समस्या सबै दलका साझा समस्या हुन्, पार्टीबीच सैद्धान्तिक मतभेद होला, तर मुलुकका साझा एजेण्डामा दलबीच फरक मतभेद हुनुहुँदैन,” उहाँले भन्नुभयो।

“अहिले वादविवाद गर्ने, झै-झगडा गर्ने बेला नभइ देशको विकासका लागि जुट्ने बेला हो,” उहाँले भन्नुभयो । रास्वपा कुनै दलको दुश्मन नभइ आम जनताको असलमित्र बन्न चाहेको सभापति लामिछानेले बताउनुभयो । नागरिकका आम समस्या समाधानमा आफूहरु लागिरहेको भन्दै उहाँले भन्नुभयो, “देशको अवस्थाबारे विचार गरी जनताले मत परिवर्तन गर्न आवश्यक छ।” उहाँले इमानको राजनीतिमा सम्झौता नगर्ने बताउँदै गलत काम गर्ने कसैलाई पनि छुट दिन नसकिने स्पष्ट पार्नुभयो । “सांसद ढाकाकुमार श्रेष्ठ सार्वजनिक पद धारण गरेको व्यक्ति भएकाले पैसाको बार्गेनिङ गरेको थाहा पाएपछि हामीले ऐतिहासिक निर्णय गरेका छौं”, उहाँले भन्नुभयो । राजनीतिक यात्रा सुरु भएपछि हरेक किसिमका मानिस पार्टीमा जोडिने भएकाले गलत कुराको सधै विरोध गर्ने उहाँको भनाइ थियो। तनहुँ क्षेत्र नं १ प्रतिनिधिसभा सदस्य उम्मेदवार डा स्वर्णिम वाग्लेले तनहुँका जनता चेतनशील भएकाले कस्तो नेतृत्व आवश्यक पर्छ भन्नेमा मूल्याङ्कन गर्न आग्रह गर्नुभयो । उहाँले जिल्लावासीले गर्व गर्न लायक सांसद बन्ने चाहना रहेको बताउँदै तनहुँको विकासका लागि योजनाबद्ध रूपमा काम गर्ने प्रतिबद्धता जनाउनुभयो । तीन वटा मुद्दा लिएर चुनावमा होमिएको बताउँदै वाग्लेले शिक्षा, स्वास्थ्य, बाटोघाटो, सिँचाइलगायत विकासका काममा जनतासँगै रहने प्रतिबद्धता जनाउनुभयो।




**सुक्तिसुधा**

कला भनेको सिर्जनात्मक कल्पनाद्धारा सत्यको सुन्दर प्रदर्शन हो । – लक्ष्मीप्रसाद देवकोटा

## सम्पादकीय

# नयाँ वर्षको शुभकामना

नेपालीहरुले मान्दै आएको पात्रो (क्यालेण्डर)आजबाट फेरिएको छ । नेपालमा विक्रमाब्दले चलनमा ल्याएको सम्वतलाई नै मानिदै आएको छ । नेपालले मानेको पात्रो २०८० सुरु भएको छ । वि.स. २०७९ लाई विदाई गरेर नयाँ वर्ष सुरु हुने गर्दछ । नयाँ वर्षको सुरुमै नयाँ कामको थालनी गर्ने, शुभकामना आदानप्रदान गर्ने काम हुने गरेका छन् । विदेशमा रहेका नेपालीहरुले समेत नयाँ वर्षको सुरुआतको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन् । नेपालले मानेको विभिन्न सम्वत मध्ये विक्रम सम्वतले सरकारी कामकाज मान्यता पाएको छ । हुनत अन्य सम्वतलाई पनि मान्यता दिइएको छ । विक्रमसम्वतले विशेष महत्व पाउदै आएको छ । २०७९ साल रुस युक्रेन युद्ध र कोभिडका कारण सृजित असरले गरिबलाई बाँच्न धौधौ बनाएको छ ।

धनी र शक्तिशाली देशले साना र कमजोरलाई युद्धमा उक्साउछन भन्ने देखाएको छ । गरिब तथा कमजोर मुलुकले जनतालाई राहत दिन, महँगीको मारबाट कसरी बचाउने, स्वास्थ्य उपचार र रोग नियन्त्रणका लागि गरिएका कामले आफ्ना नागरिकलाई सन्तुष्ट राख्न सकेनन । नेपालको आर्थिक अवस्था निकै कमजोर बन्न पुग्यो । हरेक सूचकांक देशको आर्थिक अवस्था खस्किएको देखाएको छाराजनीतिक अस्थिरता, अदालतमा आन्दोलनले राज्यका सबै अंगले काम गर्न सकेनन् । सर्वोच्च अदालतको नेतृत्व कामु बाट चलाउने काम भयो । आर्थिक अवस्था खस्कदै जाने काम भयो ।बजेट निर्माणमा व्यापारीका प्रतिनिधि राखेर करका दर हेरफेर गर्ने काम भयो ।संसदीय समितिलाई काम गर्न नदिन सिसिटिभीको फुटेज डिलिट गर्ने काम भयो । हरेक काम सेटिङका आधारमा हुने गरे । राजनीतिक दलहरूबीचको सम्बन्ध सुमधुर हुन सकेन। देशका सबै अंगलाई कमजोर बनाउने विदेशी योजनाले सार्थकता पाए। राजनीति मुल्य र मान्यता विपरित चल्न थाल्यो ।पुरानो सरकारले गरेका राम्रा काम खारेज गर्नेछ र प्रतिशोध साँध्ने काम भए । देशमा बलियो राजनीतिक शक्तिलाई कमजोर बनाए कठपुतली सरकार चलाउनेहरु हावी हुँदै गए । देशको पुर्वाधार विकास, आर्थिक अनुशासन कायम गर्न,राष्ट्रिय स्वाभिमानका लागि बलियो देशभक्त शक्ति चाहिन्छ भन्ने बोध जनतालाई भएको छ ।

देश हरेक क्षेत्रमा आत्मनिर्भर हुनुपर्छ भन्ने चेतको विकास गर्न दलहरूबीचको सम्बन्ध राम्रो बन्न सकेनादेश लकडाउनमा भएको बेला राजनीतिक दल सत्ता स्वार्थमा रुमलिन पुगे । जनताको साथी बन्नुपर्ने बेला सत्ता स्वार्थले गर्दा आहत पार्ने काम भयो । प्राकृतिक विपत्ति, कोभिड–१९ ले पर्यटन, आर्थिक, सामाजिक र साँस्कृतिक, स्वास्थ्य, शिक्षा, हरेक क्षेत्रमा पारेको असरले जनतालाई निराश बनाउने काम अघिल्लो सालले गरेको छ । सबैभन्दा जनतालाई निराश बनाउने काम सत्ता गठबन्धनले गरेको छ । राज्यकोषको दोहोन गर्ने, फरक विचार राख्ने कोपभाजन हुने, हरेक क्षेत्रमा निराशा र अस्थिरता ल्याउन खोजिएको छ । जनताको नजिकको सरकार स्थानीय तहको निर्वाचन स्वस्थ प्रतिस्पर्धाबाट हुन नदिन गठबन्धन गर्ने, गठबन्धन गरेर महिला उपप्रमुख/उपाध्यक्ष उपराष्ट्रपति पाउनुपर्ने संविधानले दिएको अधिकार खोस्ने काम भयो ।

स्थानीय, प्रदेश र संघीय संसद्को निर्वाचनमा स्वस्थ प्रतिस्पर्धा नगरी गठबन्धन गरेर प्रतिपक्षी विरुद्ध लाग्ने लोकतान्त्रिक प्रणाली विपरीत काम भए । चुनावले गठबन्धनलाई जनादेश दिएनाबरु नयाँ दललाई जनताले रुचाएको देखियो । पुराना र ठूला दललाई नयाँ दलसँग सहकार्य गर्न सन्देश चुनावले देखाएको छाचुनावपछि बनेको गठबन्धन दुई महिनामा भत्काउने र विदेशी सामु आत्मसमर्पण गर्ने काम भए ।देशलाई अस्थिर बनाउन खोज्नेलाई सघाउने काम भएका छन्गत वर्ष काआर्थिक अवस्थामा सुधार, स्वास्थ्य संस्थालाई बलियो बनाउने गरि संरचना निर्माण थालिनु, सडक, पुल बन्नु, मेलम्चीको पानी काठमाडौंका जनताको धारामा झर्नु, भारतले मिचेको भुमि समेटिएको नक्सा जारी पछि त्यसलाई कार्यान्वयनमा लान देशभक्त, विकासको दृष्टिकोण भएको बलियो राजनीतिक शक्तिले मात्र सक्दछ । नयाँ बर्ष चुनावी बर्ष भएको हुँदा जनताको मन जित्न सक्ने,देशभक्त, विकास गर्न सक्ने बलियो शक्ति स्थापित गर्न सबैमा नयाँ वर्षले सद्बुद्धी प्रदान गरोस् शुभकामना ।

# नयाँ वर्षको अवसरमा बन्दीपुरमा सडक खाना महोत्सव सुरु

पोखरापत्र संवाददाता
तनहुँ, ३० चैत

नयाँ वर्षको अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा सडक खाना महोत्सव सुरु भएको छ । तनहुँ उद्योग वाणिज्य सङ्घ बन्दीपुर बजार एकाइ, बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल सङ्घ, रेबान तनहुँको संयुक्त आयोजनामा नयाँ वर्षको अवसर पारेर आजदेखि तीन दिन सडक खाना महोत्सव सुरु भएको हो ।

"सडकमा खाऔँ, सडकमै रमाऔँ, आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गरौँ" भन्ने मूल नारासहित सडक खाना महोत्सव आयोजना गरिएको बन्दीपुर पर्यटन विकास समितिका अध्यक्ष किसान प्रधानले जानकारी दिनुभयो । बन्दीपुरको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित सडक खाना महोत्सवको आयोजना गरिएको बताइएको छ । सडक खाना महोत्सवका दिन बजारमा रहेका होटल अगाडि नै बसेर पर्यटकले खाना पाउनेछन् । "साथै तीन दिनसम्म नै विविध साँस्कृतिक कार्यक्रम आयोजना गरिनेछ, विभिन्न जातजातिका संस्कृति प्रदर्शन गरिनेछ", प्रधानले भन्नुभयो । नयाँ वर्ष मनाउन बन्दीपुरमा आन्तरिक पर्यटकको भीड लागेको छ । आज बिहानैदेखि आन्तरिक पाहुना बन्दीपुर उर्क्लिएको प्रधानले बताउनुभयो । नयाँ वर्षमा जिल्लाका युवायुवती पोखरा, चितवन जाने गरेकाले आफ्नै जिल्लाभित्र रमाउने वातावरण सिर्जना गर्न महोत्सव आयोजना गरिएको र यसले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाको भनाइ छ ।

विदेशी पर्यटक यहाँको हावापानी, रहनसहन, रीतिरिवाज र पुरानो घर देखेर आकर्षित हुने गरेको होटल व्यवसायी वैश गुरुङले जानकारी दिनुभयो । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै ८ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दिपुर पुगिन्छ । जहाँबाट मनोरम हिमशृङ्खला, पहाड, टाकुरा अवलोकन गर्न सकिन्छ ।

बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् । भक्तपुरे शैलीमा निर्माण गरिएको घरहरु, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकको आकर्षणको केन्द्रबिन्दु बन्ने गरेको छ ।

# मलिकाका वडावडामा अचार उद्योग

पोखरापत्र संवाददाता
म्याग्दी, ३० चैत

म्याग्दीको मालिका गाउँपालिकाका एकल तथा फरक क्षमता भएका महिला वडा–वडामा अचार उद्योग स्थापना गरेर आयआर्जन गर्ने तयारीमा जुटेका छन् ।

गाउँपालिकाले सातै वडाका महिलालाई एक साताको अचार बनाउने तालिम दिएपछि उनीहरू अचार उत्पादन गर्न लागिपरेका हुन् । तालिममा सहभागी २५ महिलालाई गाउँपालिकाले प्रतिव्यक्ति रु २६ हजारका दरले अनुदान दिएर अचार उद्योग सञ्चालनका लागि प्रेरित गरेको गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले बताउनुभयो । महिलाले वडा–वडामा उत्पादन गरेको अचार गाउँपालिकाले नै बजारीकरण (बिक्री) गरिदिने उहाँको भनाइ छ ।

गाउँपालिकाको आर्थिक सहयोग तथा समन्वय र मिलन म्याग्दीको आयोजनामा 'राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम'अन्तर्गत एकल, फरक क्षमता भएका तथा कोभिड–१९ प्रभावित र हिंसापीडित महिलालाई अचार बनाउने तालिम दिइएको थियो ।

आत्मनिर्भर बनाउने उद्देश्यले तालिम प्रदान गरिएको गाउँपालिकाका उपाध्यक्ष लक्ष्मीदेवी घर्तीमगरपुनले बताउनुभयो । आगामी आर्थिक वर्षका लागि वडास्तरबाटै सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक योजना बनाएर बजेट विनियोजन गरिने उहाँको भनाइ छ ।

गाउँघरमा पाइने टमाटर, मुला, गाजर, गुन्द्रुक, भटमास, बन्दा, काउली, अमला, कागतीलगायतको प्रयोग गरी अचार बनाउन थालिएको छ । यसबाट आम्दानी गर्न सकिने मिलन म्याग्दीकी कार्यकारी निर्देशक दिलमाया विटालुले बताउनुभयो । सहर तथा बजारका होटल र रेष्टुरेन्टमा अन्यत्रबाट अचार खरिद गरी ल्याउनुपर्ने अवस्थाको अन्त्य हुने विश्वास गरिएको विटालु बताउनुहुन्छ ।

# बागलुङको काठेखोलामा खानेपानी अभाव

पोखरापत्र संवाददाता
बागलुङ, ३० चैत

बागलुङको काठेखोला गाउँपालिका–३ धम्जा देउरालीमा खानेपानीको अभाव भएको छ । धम्जाका अधिकांश गाउँमा 'एक घर, एक धारा' निर्माण गरिए पनि देउरालीमा भने खानेपानी अभाव कायमै छ ।

भौगोलिक हिसाबले धम्जाकै शिरमा रहेको देउरालीमा खानेपानीका मूल बस्तीभन्दा तल भएका कारण यहाँका २० घरमा वर्षौंदेखि खानेपानीको पहुँच छैन । धम्जा देउरालीका बासिन्दालाई खानेपानीको सुविधा दिन सोलार लिफ्ट खानेपानी आयोजना सञ्चालन गरेर देउराली खर्कको चौरमुनिको मूलबाट खानेपानी ल्याइए पनि उक्त आयोजना एक महिनासमेत टिक्न सकेन ।

प्राविधिक त्रुटिका कारण सोलार लिफ्ट खानेपानी आयोजना सञ्चालनको एक महिनामै बिग्रिएपछि पुनः खानेपानीको अभाव भएको स्थानीय प्रेमश्वरी श्रेष्ठले बताउनुभयो । "सोलार लिफ्ट आयोजना सञ्चालनको एक महिनामै बिग्रियो" उहाँले भन्नुभयो । रु १४ लाखको लागतमा योजना सम्पन्न भएको हो । देउरालीका सबै घरमा खानेपानीका धारा छन्, तर पानी उपलब्ध छैन ।

काठेखोला गाउँपालिकाले दुई वर्षअघि देउरालीमा खानेपानीको अभाव टार्न सोलार लिफ्ट खानेपानी आयोजना निर्माण गरेको हो । योजना सञ्चालनमा आउन नसकेको खानेपानी उपभोक्ता समितिका अध्यक्ष यमबहादुर रोकाले बताउनुभयो ।

लिफ्ट आयोजना मर्मत गर्न पहल भइरहेको उहाँको भनाइ छ । अहिले देउरालीमा असौजे र कालठुटेको मूलबाट आएको पानी दुईवटा ट्याङ्कीमा जम्मा गरेर घर–घरमा वितरण भइरहेको छ । बर्खामा खानेपानी पुग्ने भए पनि हिउँदयाममा अभाव नै हुन्छ । देउरालीमा खानेपानी ल्याउनका लागि बस्तीमुनिको देउरालीखोला मुहानको पानी सोलार लिफ्ट योजनामार्फत झन्डै तीन सय मिटरमाथि तानेर घर–घरमा पुऱ्याइएको थियो ।

# बगैँचा टोल विकासमा शुभकामना आदानप्रदान

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

पोखरा महानगरपालिका वडा नं ६ बैदाममा रहेको बगैँचा टोल विकास संस्थाले नेपाली नयाँवर्षको अवसरमा आज एक कार्यक्रम आयोजना गरी शुभकामना आदान प्रदान गरेको छ ।

पोखरा महानगरपालिका वडा नं ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । सो अवसरमा वडाध्यक्ष भट्टराईले नयाँवर्षले सबै नेपालीहरुमा सुख, शान्ति र समृद्धि हासिल हुने विश्वास व्यक्त गरे । उनले भने,"यस वर्ष देशले आर्थिक लगायत धेरै संकट भोग्नु परेको छ । आगामी वर्ष त्यस्तो नहोस् । देशमा आर्थिक उन्नयन, समृद्धि र जनताको मुहारमा सँधै खुशी आगामी वर्षमा हुनेछ भन्ने विश्वास छ ।" बैदाम क्षेत्र पर्यटकीय क्षेत्र भएकोले प्रचार प्रसारमा यस क्षेत्रका टोल विकास संस्थाहरुको महत्वपूर्ण भुमिका रहने सुनाए । वडाध्यक्ष भट्टराईले बगैँचा टोल विकास संस्था वडामै उत्कृष्ट टोल विकास सस्थाका रुपमा रहेको बताए । बगैँचा टोल विकासले गरेको सामाजिक कार्यको अन्य सबैले अनुसरण गर्न उनले आग्रह गरे । बगैँचा टोल विकास संस्थाका अध्यक्ष मीना ढकालले संस्थाले सरसफाई कार्यक्रम, महिलाहरुको क्षमता विकास, आयआर्जनमा सहयोगी, स्वास्थ्य सामग्री वितरण लगायतका काम गरेको बताइन् । उनले आगामी दिनमा वडासँग सहकार्य गरेर क्षमता विकासका कार्यक्रम गर्ने योजना रहेको बताइन् ।

कार्यक्रममा वडा सदस्य दीपेन्द्र पहरी, वासु बराल, अन्नपूर्ण आमा समूहका अध्यक्ष रेणु लामिछाने, अन्नपूर्ण आमा समूहका सल्लाहकार एवं हिमाली आवाज साप्ताहिकका पत्रकार गणेश पहरी, सल्लाहाकार प्रेमनारायण अधिकारी, स्थानीय नवराज अधिकारी, नर्मदेश्वर मन्दिरका पूजारी प्रविन तिमिल्सिना लगायतले टोल विकास संस्थाले समाजमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आफ्ना भनाई राखेका थिए । कार्यक्रममा बगैँचा टोल विकास संस्थाका उपाध्यक्ष उर्मिला ढकालले स्वागत र सञ्चालन सचिव रमा शिवभक्तिले गरेकी थिइन् ।

# हिमाल सफाइ अभियान टोली आधार शिविरमा

रासस
काठमाडौं, ३० चैत

नेपाली सेनाका प्रमुख सेनानी किशोर अधिकारीको नेतृत्वको १३ जनाको टोली आज सगरमाथा आधार शिविर पुगेको छ ।

सगरमाथा, ल्होत्से, वरुञ्चे र अन्नपूर्ण हिमाल सफाइ कार्य गर्न खटिएका नेपाली सेनाको जनशक्तिमध्ये सगरमाथा र ल्होत्से हिमालका लागि खटिएको टोली आधार शिविर पुगेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सेनाले जैविक विविधता तथा पर्यावरण संरक्षण गर्ने उद्देश्य अनुरुप सरकारको राष्ट्रिय कार्यक्रमअन्तर्गत सेनाको अगुवाइमा यही चैत १४ गते त्यसतर्फ प्रस्थान गरेको थियो । अन्नपूर्ण हिमाल सफाइमा संलग्न टोलीले भने चैत १७ गते नै अन्नपूर्ण आधार शिविर पुगी फोहर सङ्कलन सुरु गरिसकेको छ ।

बरुञ्चे हिमाल सफाइ टोली उक्त हिमालको आधार शिविर पुग्ने क्रममा छ । ती टोली हिमाल सफाइ कार्यलाई थप प्रभावकारी बनाउन आफूलाई हिमाली वातावरण अनुकूल तुल्याउन विभिन्न क्रियाकलापमा जुटेका छन् । सगरमाथा, ल्होत्से, अन्नपूर्ण र बरुञ्चे हिमालबाट यस वर्ष करिब ३५ टन फोहर सङ्कलन गर्ने लक्ष्य छ । अभियानले विश्वव्यापी चुनौतीका रूपमा रहेको वातावरणीय प्रदूषण तथा विश्व तापमानको असरलाई न्यून गर्न सचेतना अभिवृद्धि हुने विश्वास लिइएको छ ।

# एगाद्वारा नव वर्षका अवसरमा बाल आश्रममा सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० चैत

इम्ब्रोइडरी एण्ड गार्मेन्ट एशोसियन(एगा) पोखराले नयाँ वर्ष २०८० का अवसरमा पोखरा महानगरपालिका वडा नं १९ लामाचौरस्थित कल्याणी बाल आश्रममा खाद्यान्न सहयोग गरेको छ ।

संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत प्रत्येक वर्ष विभिन्न आश्रममा सहयोग गर्दै आएकोमा यस वर्ष पनि लगभग ३५ हजार रुपैयाँ बराबरका खाद्यान्न सहयोग गरेको एगा पोखराका अध्यक्ष इन्द्रप्रसाद भण्डारीले जानकारी दिनुभयो । संस्थाले यस किसिमका सहयोगलाई निरन्तरता दिने उहाँले बताउनुभयो । उक्त अवसरमा एगा पोखराका पूर्व अध्यक्ष एवम् लायन्स क्लब अफ पोखरा लेकसाइडका अध्यक्ष कृष्णकुमार श्रेष्ठले आश्रमका लागि अत्यावश्यक १० वटा कुर्ची सहयोग गर्नुभयो ।

२०६५ बाट केही अनाथ बालबालिकालाई राखेर पालन पोषण एवम् अध्ययनको व्यवस्था मिलाएको आश्रममा हाल विभिन्न जिल्लाका १३ वटा अनाथ बालबालिका आश्रित छन् । ६ वर्षदेखि १४/१५ वर्ष उमेर समूहका बालबालिकालाई आश्रमले विभिन्न संघसंस्थाको सहयोग समेत जुटाएर पालनपोषण गर्दै आएको सञ्चालक कुमारी भवानीले जानकारी दिनुभयो । कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १९ का वडा अध्यक्ष पुष्पेन्द्र पाण्डेले आश्रममा गरिएको सहयोगले आश्रित बालबालिकाको पालनपोषणमा महत्वपूर्ण टेवा पुग्ने बताउनुभयो । यस अघि नव वर्षका अवसरमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले प्रवर्द्धनात्मक सामाग्री तयार गर्दै पर्यटन क्षेत्रमा एगाले पुऱ्याएको योगदान प्रशंसनीय रहेको बताउनुभयो ।

भूकम्प, कोरोना, जहाज दूर्घटनाका साथै बढ्दो ब्याजदर लगायतका कारण पर्यटन क्षेत्र समस्यामा परेको उल्लेख गर्दै उहाँले यसलाई बचाउन राज्यको व्यवसायमैत्री नीति र व्यवहार आवश्यक हुने बताउनुभयो ।

नयाँ वर्ष २०८० सबै किसिमका समस्या समाधान हुँदै पर्यटन क्षेत्रले गति लिने उहाँले विश्वास व्यक्त गर्नुभयो । पर्यटन बोर्डबाट विनियोजन हुने रकम नितान्त प्रवर्द्धनका लागि हुनुपर्नेमा उहाँले जोड दिनुभयो । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख नविन पोखरेलले विभिन्न समस्याबाट गुज्रिएको पर्यटन आगामी दिनमा सकारात्मक मोडबाट अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।


## सार्वजनिक सूचना

म्याग्दी जिल्ला वरंजा–३ बस्ने तेज बहादुर खड्काको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. ६३७४ को क्षेत्रफल १४९.०३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पश्चिम तर्फ कि.नं. २०४५ र दक्षिण तर्फ कि. नं. १६८० का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

## सार्वजनिक सूचना

बागलुङ जिल्ला धम्जा–२ बस्ने लिला थापाको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २७ को कित्ता नं. ८०९२ को क्षेत्रफल १११.२७ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ८०९१ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २७ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : व्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यासित लाभ |


**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बर्दिया पोखरा सम्पर्क समाजमा पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति

पोखरापत्र संवाददाता
बागलुङ, ३० चैत



बर्दिया पोखरा सम्पर्क समाजको तेस्रो अधिवेशन तथा पाँचौं साधारणसभाबाट केशवराज पौडेल अध्यक्षमा चुनिएका छन् ।

पोखरामा सम्पन्न अधिवेशनले पौडेलको नेतृत्वमा १५ सदस्यीय कार्यसमिति आगामी दुई वर्षका लागि सर्वसम्मत चयन गरेको हो । समाजको वरिष्ठ उपाध्यक्ष सुरेशराज सुवेदी, उपाध्यक्ष पुष्पा मरासिनी, महासचिव तोया अधिकारी, सचिव पदमप्रसाद ढकाल, कोषाध्यक्ष रामप्रसाद अधिकारी, सहकोषाध्यक्ष विन्दु अधिकारी चयन भए । सदस्यहरुमा उषा रिमाल, सीता थारु, दर्पण थारु, रंगिला बास्तोला, ज्योति थारु, सागर पौडेल, कृष्ण देवकोटा र ईश्वरी श्रेष्ठ चुनिए । कार्यक्रमको उद्घाटन पछि बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य सचिव विनोदविन्दु शर्माले समाजले बर्दिया र पोखरालाई भावनात्मक रुपमा जोड्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताए । आगामी दिनमा नयाँ कार्यसमितिले अझ सशक्त कार्यक्रमहरु कार्यान्वयन गर्दै समाजको भूमिका विस्तार गर्न उनको सुझाव थियो ।

सोही अवसरमा बर्दियामा लामोसमय शैक्षिक सेवा प्रदान गरेका अग्निधर सुवेदी, ज्येष्ठ नागरिक गंगाराम पौडेल र समाजका संस्थापक सदस्य शिशिर कंडेललाई सम्मान गरिएको थियो । कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष दीपक पौडेल, पूर्ण शर्मा, निलबहादुर अधिकारी, गोविन्द अधिकारी लगायतले धारणा राखेका थिए । समाजले नियमित वर्ष प्रकाशन गर्दै आइरहेको भित्तेपात्रो '२०८०' को विमोचन गरियो ।

# खानेपानीका मूल जोगाउन ताल संरक्षण

पोखरापत्र संवाददाता
बागलुङ, ३० चैत

पछिल्लो समय जथाभावी सडक निर्माण गर्दा मूल सुक्दै जान थालेका छन् ।

बर, पिपल चौतारी र पोखरी क्रमशः मासिँदै जाँदा मूलसमेतमा प्रत्यक्ष असर पर्न थालेपछि बागलुङको काठेखोला गउँपालिकाले वस्तीमाथिको ताल संरक्षण गर्न थालेको छ ।

उक्त गाउँपालिका-४ स्थित तङ्नामको शिरमा रहेको खोरताल संरक्षण गर्न थालिएको हो । पछिल्लो समय उक्त ताल सुक्दै गएपछि ताल मुनिका मुहानसमेतमा असर पर्न थालेकाले संरक्षण गर्न थालिएको गाउँपालिकाले जनाएको छ। ताल संरक्षणसँगै तालमुनिका मूल सिञ्चित हुने र तालको रमणीय दृश्यका लागि आन्तरिक पर्यटकसमेत भित्र्याउने लक्ष्यका साथ अहिले ताल संरक्षणको काम भइरहेको गाउँपालिकाका प्रवक्ता टीकासङ्गम विकले जानकारी दिनुभयो । पौराणिक ताल पछिल्लो समय सुक्दै गएको छ, ताल पुरिन थालेपछि सङ्घीय सरकार, गण्डकी प्रदेश सरकार स्थानीयवासीको श्रमदानबाट अहिले ताल संरक्षणको काम भइरहेको उहाँको भनाइ थियो ।

ताल झण्डै १५ रोपनी जग्गामा फैलिएकामा पछिल्लो समय साँधुरिँदै गएको छ । "ताल संरक्षण गर्दा तालमुनिका एक हजार ५०० घरधुरीले उपभोग गर्ने विभिन्न मूल जोगिने छन्, पर्यटकीय दृष्टिकोणले अत्यन्तै मनोरम क्षेत्रका रूपमा रहेको बसन्ताप, खोर ताल, झुलेनी र थामडाँडालाई जोडेर पर्यटकीयस्थलको रुपमा विकास गर्न गाउँपालिकाले डिपिआर अगाडि बढाएको छ" प्रवक्ता विकले भन्नुभयो "पछिल्लो समय मूल सुक्दा वस्तीमा खानेपानीको अभाव देखिएका कारण मूल जोगाउन ताल तथा पोखरी संरक्षणमा गाउँपालिकाको ध्यान गएको हो ।" पर्यावरण जोगाउनका लागि ताल तथा पोखरी संरक्षण आवश्यक ठानिएको गाउँपालिकाको भनाइ थियो । गाउँपालिकाका प्रत्येक वडाको वस्ती माथिका ताल तथा पोखरी संरक्षण गर्ने अभियान थालिएको छ । सङ्घीय सरकारबाट गाउँपालिकामा आएको रु २० लाख अनुदान, गण्डकी प्रदेश सरकारको रु १० लाख र स्थानीयवासीको रु तीन लाखबराबरको श्रमदान गरी रु ३३ लाखको लागतमा ताल संरक्षणको काम भइरहेको छ । अहिले तालको पूर्वपट्टी आरसिसि पर्खाल लगाउने कार्य भइरहेको र तालको चारैतिरबाट पक्की पर्खाल लगाएपछि पुरिएको माटो निकाल्ने स्थानीय उपभोक्ता समितिका अध्यक्ष तुलबहादुर थापाले जानकारी दिनुभयो ।

खोरतालमा पछिल्लो समय पानी घट्दै गएपछि त्यहाँको सौन्दर्यसमेत हराउँदै गएको छ । गाउँपालिकाको पहलमा ताल संरक्षण अभियान थाल्दा खुसी लागेको स्थानीयवासी कुलप्रसाद थापाले बताउनुभयो । "पहिला ताल ठूलो थियो, ताल भरी पानी थियो, अहिले खडेरी धेरै पर्न गयो, ताल रसाएर सुक्न थाल्यो, जस्को असर ताल मुनीका मूलसमेतमा पर्न गायो" उहाँले भन्नुभयो "ताल संरक्षण गरेर तालभरी पानी हुँदा तालमुनिका मूल जोगिने छन्, सिँचाइको सुविधा हुनेछ र ताल हेर्न पर्यटकसमेत आउनेछन् ।"

गाउँपालिकाले बसन्ताप, खोर ताल, झुलेनी र थामडाँडालाई जोडेर पर्यटकीय स्थलका रूपमा विकास गर्न त्यहाँ पुग्ने पदमार्ग पनि निर्माण गरेको छ । अहिले गाउँपालिकाले विस्तृत अध्ययन प्रतिवेदनको कामसमेत भइरहेको जनाएको छ। जलवायु परिवर्तनको असरका कारण कुवा, मूल, ताल तथा पोखरी सुक्दै जाँदा गाउँमा खानेपानीको अभाव भएकाले गाउँपालिकाले आगमी दिन अन्य वडामा रहेका ताल तथा पोखरी पनि संरक्षण गर्ने नीति लिएको छ।

# जनशक्ति अभावमा भेन्टिलेटर प्रयोगविहीन

पोखरापत्र संवाददाता
पर्वत, ३० चैत

आवश्यक दक्ष जनशक्ति अभावमा पर्वत अस्पतालमा रहेका भेन्टिलेटर प्रयोगविहीन बनेका छन् । अस्पतालमा सातवटा भेन्टिलेटर रहेका छन् । भेन्टिलेटरको आवश्यकता परे बिरामीले प्रयोग गर्न पाउने अवस्था छैन् । कोभिड-१९ का सङ्क्रमण बेला भित्र्याइएका ती भेन्टिलेटर अहिलेसम्म प्रयोगमा आउन सकेका छैनन् ।

गण्डकी प्रदेश सरकारले दिएको रु एक करोड ६९ लाखको लगानीमा आइसीयू र भेन्टिलेटर तयार पारिएको थियो । यसबाहेक लायन्स क्लबदेखि अन्तर्राष्ट्रिय सहयोगबाट समेत भेन्टिलेटर उपलब्ध भएका थिए । तीन वर्षअघि अस्पतालको पुरानो भवनमा आइसीयू निर्माण गरिएको थियो । तीन चिकित्सक र तीन नर्सले भेन्टिलेटर सञ्चालनका लागि पोखराबाट तालिम लिएका थिए । तर हालसम्म उनीहरूले सीप प्रयोगमा आउन नसकेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रुक्मिणा अधिकारीले बताउनुभयो । पन्ध्र शयूयाबाट ५० शयूयामा स्तरोन्नतिगरिएकोपर्वतअस्पताल पुरानोबाट नयाँ संरचनामा सारिएको छ । सुविधासम्पन्न भवन बनेपछि पुराना भवनका सामग्री र सेवा नयाँ भवनमा सारिएको हो । त्यो क्रममा जडान भएका भेन्टिलेटर पनि निकालेर नयाँ भवनमा थन्क्याइएका छन् । आवश्यक दक्ष जनशक्ति नभएकै कारण आइसीयूमा प्रयोग हुने सबै सामग्री थन्क्याएर राखिएको डा अधिकारीले बताउनुभयो । सातवटा भेन्टिलेटर चलाउन २८ देखि ३० जनासम्म जनशक्ति आवश्यक हुने भए पनि एक जना पनि नहुँदा समस्या भएको उहाँले बताउनुभयो । अहिले २४ नर्सका भरमा अस्पताल चलाउनुपरेको डा अधिकारीले बताउनुभयो । " यसलाई ५० शयूया क्षमताको अस्पतालका रूपमा सरकारले स्वीकृति दिनुपर्छ", उहाँले भन्नुभयो । कोभिड-१९ को सङ्क्रमण चरम अवस्थामा रहेका बेला जिल्लावासीले भेन्टिलेटर खोज्दै पोखरा पुग्न नपरोस् भनेर सहयोगीले सहयोग गरेका थिए । झन्डै रु पाँच करोडभन्दा बढी मूल्यका ती सामग्री थन्क्याएर राखिएका भए पनि बेला-बेलामा परीक्षण र मर्मत भने गर्ने गरिएको उहाँले बताउनुभयो । स्वास्थ्य सेवा विभागले छात्रवृत्ति करारका चिकित्सक पठाए वा प्रदेशले विज्ञापन नै खुलाएर जनशक्ति पठाएको अवस्थामा भेन्टिलेटर सञ्चालन गर्न सकिने डा अधिकारी बताउनुहुन्छ ।

अस्पताल विकास समितिका अध्यक्ष शङ्कर गिरीले यसबारेमा प्रदेश सरकारमा पटक-पटक कुरा गरे पनि अहिलेसम्म सुनुवाइ नभएको बताउनुभयो । राज्यको लगानी सही ठाउँमा नहुँदा महँगा सामग्री प्रयोगविहीन भएको र जनताले त्यो सुविधा पनि पाउन नसकेको उहाँको भनाइ छ ।

अस्पतालमा रहेका स्रोतसाधनलाई प्रयोगमा ल्याउन सक्ने जनशक्ति सरकारले दिए यो क्षेत्रका बासिन्दा पोखरा, काठमाडौं जानुपर्ने अवस्थाको अन्त्य हुने गिरी बताउनुहुन्छ । पर्वत हुँदै पोखरा जानुपर्ने भएकाले बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका नागरिकलाई सेवा दिने गरी यसलाई ट्रमा सेन्टरका रूपमा विकास गर्न सक्ने हो भने यो क्षेत्रका बासिन्दाले गुणस्तरीय स्वास्थ्य पाउने उहाँले बबताउनुभयो ।

# संघीयताले रोक्न सकेन बसाइँसराइ, गाउँका घर रित्तिँदै

- कमल खत्री
बेनी, ३० चैत

मुलुक सङ्घीय संरचनामा गएर विकास निर्माणका योजना गाउँगाउँमा भित्रिँदासमेत बसाइँसराइ बढ्दो क्रममा देखिएको छ ।

स्थानीय तह कार्यान्वयनमा आएसँगै जिल्लाको ग्रामीण भेगमा भौतिक पूर्वाधारको विकासले गति लिन थालेका छन् । सडक, पदमार्ग, सिँचाइ, खानेपानी, विद्यालय भवन, स्वास्थ्य चौकीलगायतका पूर्वाधार निर्माण हुने क्रम बढ्दो छ । एक नगरपालिकासहित पाँच गाउँपालिका रहेको म्याग्दीमा पाँच गाउँपालिकाको केन्द्र नयाँ बजार विस्तारको चरणमा पुगिसकेका छन् । जिल्लामा भौतिकपूर्वाधारको विकास हुने क्रम बढिरहेको सन्दर्भमा जिल्लाबाट अन्यत्र बसाइँसराइ गर्ने क्रम बढ्दो छ । जिल्लाभित्रका पाँच गाउँपालिकाबाट सदरमुकामसमेत रहेको बेनी बजारमा थोरै मात्रामा बसाइँसराइ गर्ने गरेका छन् भने समग्र जिल्लाबाट पोखरा, काठमाडौं, बुटवल, चितवनलगायत क्षेत्रमा बसाइँसराइ गर्ने गरेको पाइएको छ । जिल्ला सदरमुकाम बेनीबजारस्थित रहेको बेनी नगरपालिकामा आन्तरिकरूपमा जिल्लाका अन्य स्थानीय तहबाट बसाइँसराइ गरी आउनेभन्दा यहाँबाट जिल्ला बाहिर बसाइँसराइ गर्नेको सङ्ख्या बढी देखिएको छ ।

आव २०७८/७९ मा बेनी नगरपालिकामा तीन सय ११ सदस्य बसाइँसराइ गरी आएका थिए भने यस नगरपालिकाबाट चार सय ४२ सदस्य यहाँबाट बसाइँसराइ गरी अन्यत्र गएको पाइएको छ । नगरपालिकाको पञ्जीकरण शाखाका अनुसार चालु आवको चैत तेस्रो सातासम्म बेनी नगरपालिकामा एक सय ३२ सदस्य बसाइँसराइ गरी आएका छन् भने यहाँबाट दुई सय ४२ सदस्य बाहिरिएका छन् । जिल्ला सदरमुकाम बेनी रहेको बेनी नगरपालिकामा जिल्लाका पाँचवटै गाउँपालिकामा बसाइसराइको दर उच्च छ । वैदेशिक रोजगारका कारण युवायुवती विदेश पलायन हुने क्रमसँगै गाउँका स्थानीय सुविधा खोज्दै बजारतर्फ बसाइँसराइ गर्ने प्रचलन छ ।

रघुगङ्गा गाउँपालिका-८ चौरखानीका स्थानीय शिक्षक चन्द्रमान छन्त्यालले बसाइँसराइले गाउँ रित्तिदै गएको बताउनुभयो । "पहिले यस ठाउँ दुर्गम थियो, गाउँ भरिभराउ थियो, अहिले विकासका पूर्वाधार र सुविधा गाउँघरमा थपिँदै गएका छन्, तर गाउँ रित्तिँदै गएको छ", उहाँले भन्नुभयो । गाउँमा स्वास्थ्य र शिक्षाको गुणस्तर नहुँदा बजारतर्फ बसाइँसराइ गर्ने दर बढिरहेको छ । रघुगङ्गामा चालु आवको हालसम्म आठ परिवारका १२ सदस्य बसाइँसराइ गरी आएका छन् भने ३५ परिवारका एक सय १४ सदस्य यस पालिकाबाट अन्यत्र बसाइँसराइ गरेर गएका छन् । यस पालिकामा गत आर्थिक वर्षमा ३८ सदस्य बसाइँसराइ गरी आउँदा एक सय ८३ सदस्य पालिकाबाट अन्यत्र बसाइँसराइ गरी गएको गाउँपालिकाका पञ्जीकरण शाखाका वसुता पुनले जानकारी दिनुभयो । पालिकामा बसाइँसराइ गरी आएको स¤्या आन्तरिक बसाइँसराइ रहेको जनाइएको छ । अन्नपूर्ण गाउँपालिकामा चालु आवको हालसम्म २४ सदस्यले आन्तरिक बसाइँसराइ गर्दा एक सय ४७ सदस्यले पालिकाबाट अन्यत्र बसाइँसराइ गरेको देखिएको छ । मङ्गला गाउँपालिकामा यस आवको हालसम्म १३ परिवारका ४३ सदस्यले बसाइँसराइ गरेर आउँदा ४५ परिवारका एक सय ६० सदस्य अन्यत्र गएको देखिएको छ । पञ्जीकरण शाखाका लेकनाथ सापकोटाका अनुसार गत वर्ष मङ्गलाबाट १९ परिवारका ८३ सदस्य पालिकाभित्र बसाइँसराइ गरेर आउँदा ८२ परिवारका तीन सय पाँच जना अन्यत्र गएका छन् । मालिका गाउँपालिकामा यस वर्षको हालसम्म १२ परिवारका ३१ सदस्य बसाइँसराइ गरेर आउँदा ३२ परिवारका एक सय २४ सदस्य अन्यत्र बसाइँसराइ गरेका छन् । जिल्लाको सबैभन्दा दुर्गम स्थानीय तहका रूपमा परिचित धवलागिरि गाउँपालिकामा आन्तरिकरूपमा न्यून स¤्यामा बसाइँसराइ हुने भए पनि यहाँबाट बाहिर जानेको स¤्या ठूलो छ । यस पालिकामा चालु आवको हालसम्म छ परिवारले पालिकाभित्र नै आन्तरिकरूपमा बसाइँसराइ गर्दा यहाँबाट अन्यत्र ६७ घर परिवारले बसाइँसराइ गरिसकेका छन् । सडक सञ्जालको सहज पहुँच नपुग्नु, गुणस्तरीय स्वास्थ्य र शिक्षाको अभाव, रोजगारको व्यवस्थापन हुनु, सिँचाइ अभावले परम्परागत खेतीमा उत्पादकत्व घट्नु, खानेपानीलगायतका आधारभूत आवश्यकताको परिपूर्ति नहुँदा ग्रामीण भेगबाट सर्वसाधारण गाउँ छाडेर सहरतर्फ बसाइँसराइ गर्ने प्रचलन बढेको छ । धवलागिरि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ध्रुव रिजालले सङ्घीयताले सेवा र सुविधा विकेन्द्रीकरण गरे पनि स्थानीयस्तरमै रोजगारको अवसर र आधारभूत आवश्यकताको परिपूर्ति गर्ने आधार तयार नहुँदा बसाइँसराइको दर बढेको बताउनुहुन्छ । "स्थानीयस्तरमा रहेकासम्भावनाकोखोजीरसोहीअनुरूपका रोजगार सिर्जना गर्ने योजना अघि बढाउनुपर्ने देखिएको छ, स्थानीयस्तरमै रोजगार पाउने अवस्था नबने मानिस गाउँ छाडेर गएका छन् । त्यसका लागि सडकलगायतका सहज सुविधा बनाउनतर्फ पनि ध्यान दिनुपर्ने छ", रिजालले भन्नुभयो । ुविधा र सुखको खोजीमा गाउँबाट सहर पस्ने क्रमले सामाजिक, आर्थिक र पारिवारिक बेमेल सिर्जना गरेको छ । मुख्यगरी मानिस आर्थिकरूपमा सक्षम बन्दै गएपछि गाउँ छाडेर सहर बसाइँसराइ गर्ने अधिक रहेको विभिन्न अध्ययनले देखाएको छ।

# शालिग्राम बचाउन महोत्सव

पोखरापत्र संवाददाता
बागलुङ, ३० चैत

कालीगण्डकी नदी दोहनका कारण कुरुप बनेपछि यहाँ पाइने शालिग्राम शिला बचाउने अभियान चलाइने भएको छ । शालिग्राम बचाउने अभियानमा आम नागरिकलाई जोड्न लक्ष्यले शालिग्राम महोत्सवको तयारी गरिएको हो ।

बागलुङ नगरपालिका-४ कुँडुलेमा रहेको रङ्गवेंकटेश्वर मुक्तिनारायण मन्दिर व्यवस्थापन समिति र शालिग्राम सङ्ग्रहालय व्यवस्थापन समितिलगायत अन्य धार्मिक संस्थाको अगुवाइमा आगामी वैशाख ११ देखि १५ गतेसम्म महोत्सव हुने भएको हो । महोत्सवमा कालीगण्डकी नदी र शालिग्रामको महत्व दर्शाउन विभिन्न क्रियाकलाप सञ्चालन गरिने आयोजकले जनाएको छ । नदी सभ्यता र शालिग्रामको संरक्षणमा आम नागरिकलाई प्रेरित गर्ने, शालिग्रामको महिमाबारे प्रचारप्रसार गर्ने र वातावरण संरक्षणमा चासो बढाउन मेला गर्न लागिएको ऋषि प्रपन्नाचार्यले बताउनुभयो । महोत्सवमा कालीगण्डकी र शालिग्रामको महत्वबारे कवि सम्मेलन, भजन, लोकगीत, र रत्यौलीको माध्यमबाट प्रष्ट बनाउने लक्ष्य राखिएको छ । महोत्सवमा स्थानीयसहित विभिन्न धार्मिकस्थलबाट भक्तजन तथा धार्मिक अगुवाको सहभागिता रहने उहाँले जानकारी दिनुभयो । रू छ करोड ५० लाखमा बनाइएको भूमिगत शालिग्राम सङ्ग्रहालयमा एक लाख १५ हजार शालिग्राम सङ्ग्रह गरिएका छन् । सङ्ग्रहालय निर्माणपछि शालिग्रामको महत्वबारे धेरैले बुझ्ने अवसर पाएका छन् । यहाँ दैनिक दुई सयदेखि पाँच सय धार्मिक पर्यटक आउने बताइएको छ । "नदीमा लोप हुन लागेकाले शालिग्रामको सङ्ग्रहालय बनाउनुपर्यो" ऋषि प्रपन्नाचार्यले भन्नुभयो, "अब कालीगण्डकी बचाउन सकिएन भने शालिग्रामको अस्तित्व नै लोप हुनेछ । नदी किनारका ठूला ढुङ्गासमेत फोडेर सकिएकाले अब नदी सभ्यता नै लोप हुने अवस्थामा पुगेको छ ।"

नदीको सभ्यता जोगाउन र वातावरण संरक्षण गर्न राज्यले नीतिगत व्यवस्था गर्नुपर्ने उहाँले बताउनुभयो । कालीगण्डकी नदीमा मात्र शालिग्राम पाइने भएकाले ढुङ्गा गिटी र बालुवा उत्खनन गर्दा संरक्षणसम्बन्धी नीति बनाउनुपर्ने माग गरिएको छ । महोत्सवमा शालिग्रामको गौरवगाथा विषयक कवि गोष्ठी, कालिगण्डकी र शालिग्रामको काव्यव्यथा विषयक रत्यौली, आत्यात्मिक प्रवचन, शालिग्रामकै महिमा विषयक भजन, झाँकी र नृत्य तथा प्रवचन, कालीगण्डकी र शालिग्रामको कथाव्यथा विषयक आध्यात्मिक दोहोरी र प्रवचन समावेश गरिएको आयोजकले जनाएको छ ।

